सभापोखरी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०    सङ्ख्याः ३    मितिः २०८३।०३।३२

भाग-१

सभापोखरी गाउँपालिका

## कर्मचारी कल्याण कोष सञ्चालन ऐन २०८३

**गाउँसभाबाट स्वीकृत मितिः २०८३।०३।३० गते**
**राजपत्रमा प्रकाशित मितिः २०८३।०३।३२ गते**

# कर्मचारी कल्याण कोष संचालन ऐन २०८३

**प्रस्तावना**

सभापोखरी गाउँपालिका संखुवासभामा कार्यरत स्थायी अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुका लागि सेवा निवृत हुँदा पाउने उपदान लगायत सेवा सुबिधा उपलब्ध गराउने प्रयोजनका लागि कर्मचारी कल्याण कोष ऐन २०८३ जारी गर्न बाञ्छनीय भएकोले नेपालको संबिधान २०७२ को दफा २२१ ले दिएको अधिकार प्रयोग गरी सभापोखरी गाउँपालिकाको १७ औं गाउँसभाले कर्मचारी कल्याण कोष संचालन ऐन २०८३ पारीत गरी लागू गरेको छ ।

## परिच्छेद १

प्रारम्भिकः

१ **संक्षिप्त नाम र प्रारम्भः** १ यो ऐनको नाम सभापोखरी गाउँपालिका कर्मचारी कल्याण कोष संचालन ऐन २०८३ रहेको छ ।

२ यो ऐन सभापोखरी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क. **आर्थिक बर्ष भन्नाले** श्रावण १ गते देखि असार मसान्त सम्मको अबधिलाई सम्झनु पर्दछ ।

ख. **कर्मचारी भन्नाले** सभापोखरी गाउँपालिका र मातहतका निकायमा कार्यरत स्थायी,अस्थायी र करार सेवाका कर्मचारी सम्झनुपर्दछ ।

ग. **कार्यपालिका भन्नाले** सभापोखरी गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

घ. **ऐन भन्नाले** सभापोखरी गाउँपालिकाको गाउँसभाले जारी गरेको कर्मचारी कल्याण कोष संचालन ऐन २०८३ सम्झनु पर्दछ ।

ङ. **कोष भन्नाले** सभापोखरी गाउँपालिकाले स्थापना गरेको कर्मचारीहरुको उपदान औषधी र्उपचार खर्च संचित बिदाको रकम वा कानुन बमोजिम  सेवा सुबिधा भुक्तानी गर्ने प्रयोजनार्थ  स्थापना गरेको कर्मचारी कल्याण कोष  सम्झनु पर्दछ ।

च. **तोकिए वा तोकिए बमोजिम भन्नाले** यस ऐनमा तोकिए बमोजिम वा ऐन अन्तर्गत रही सभापोखरी गाउँकार्यपालिकाले निर्णय गरी समय समयमा तोकिएको वा तोकिए बमोजिम हुनेछ ।

छ. **गाउँपालिका** भन्नाले सभापोखरी गाउँपालिकालाई सम्झनुपर्दछ ।

ज. **अध्यक्ष** भन्नाले सभापोखरी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

झ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले सभापोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ञ. संघीय ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनुपर्छ ।

ट. संचालक समिति भन्नाले यस ऐन अनुसार कोष संचालन गर्न गराउन गठन भएको समिति सम्झनुपर्छ ।

ठ. सभा भन्नाले सभापोखरी गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

ड. स्थानीय सरकार भन्नाले सभापोखरी गाउँपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद २

**कर्मचारी कल्याण कोषको स्थापना उद्देश्य तथा प्रयोग सम्बन्धी व्यबस्था**

**३ कर्मचारी कल्याण कोषको ब्यबस्थाः** (१) गाउँपालिका र मातहतका निकायमा कार्यरत कर्मचारीहरुको कल्याण कोष संचालन गर्ने प्रयोजनका लागि सभापोखरी गाउँपालिकामा कर्मचारी कल्याण कोष नामको एक कोष रहनेछ ।

(२) उपदफा १ बमोजिम स्थापना भएको कोषमा पहिलो पटक सभापोखरी गाउँपालिकाले बिनियोजन गरेको अनुसारको रकम र त्यस पछिका बर्षहरुमा स्थानीय तहमा कार्यरत कर्मचारीहरुले पाउने सुरु तलब स्केलले हुन आउने एक महिनाको तलब बराबरको रकम बार्षिक रुपमा कोषमा दाखिला गरिनेछ ।

(३) स्थानीय सेवा तर्फका कर्मचारीहरुको गाउँपालिकाले उपदान लगायतका सेवा सुबिधा उपलब्ध गराउने गरि नियुक्ति भएका स्थायी प्रकृतिका कर्मचारीहरुको सेवा सुबिधा संघीय कानून र प्रदेश कानूनमा ब्यबस्था भए बमोजिम हुनेछ । स्थायी कर्मचारीको हकमा संघ वा प्रदेश सरकारबाट

सेवा सुबिधा उपलब्ध नगराएको खण्डमा मात्र प्रचलित कानुन बमोजिम यस कोषबाट सेवा सुबिधा वापत हुने रकम भुक्तानी गरिनेछ ।

(४) सभापोखरी गाउँपालिकाको कार्यालय वा अन्तर्गतका कार्यालयहरमा प्रचलित कानुन बमोजिम तोकिएको प्रकृया पुरा गरी नियुक्ति भएका अस्थायी करार सेवामा कार्यरत रही सेवाबाट अलग भएका कर्मचारीहरुको उपदान लगायत सेवा सुबिधा यसै ऐनमा उल्लेख भए अनुसार हुनेछ । तर राजनैतिक बिधि वा प्रकृयाबाट नियुक्ति भएका निजी सचिव वा सोही प्रकृतिका कर्मचारीले यो सुबिधा पाउने छैन । साथै शिक्षक र विद्यालय कर्मचारीलाई यस कोषबाट रकम भुक्तानी गर्न पाईने छैन ।

**४ कोषमा जम्मा रहने रकमः** (१) यस ऐन बमोजिम स्थापना भएको कर्मचारी कल्याण कोषमा दफा ३ को

उपदफा (२) बमोजिम गाउँपालिकाबाट बिनियोजन भएको रकम दाखिला हुनेछ ।

(२) कर्मचारीलाई सेवा सुबिधा दिने प्रयोजनको लागि गाउँपालिकाले थप रकम बिनियोजन गरेको खण्डमा सो रकम समेत कोषमा दाखिला हुनेछ ।

**५ कोषको कारोबार गर्ने बैंकः** कर्मचारी कल्याण कोषको दफा ४ बमोजिम प्राप्त हुने रकम गाउँपालिकाको लागि आर्थिक कारोवार गर्न नेपाल सरकारद्वारा तोकिएको बैंकमा कर्मचारी कल्याण कोषको नाममा खाता खोलि राखिनेछ । वा गाउँपालिकाको ग-५.१ बिबिध कोष खाताबाट कर्मचारी कल्याण कोषको कारोवार हुनेछ ।

**६ कोषको उद्देश्यः** सभापोखरी गाउँपालिकाबाट सेवा निवृत हुँदा संघीय सरकार वा प्रदेश सरकार वा तोकिएको छुट्टै कोषबाट उपदान औषधी उपचार खर्च वा अन्य सेवा सुबिधा नपाउने गरी सभापोखरी गाउँपालिकामा

स्थायी, अस्थायी वा करार सेवामा नियुक्ति भएका कर्मचारीहरुलाई सेवा निवृत पश्चात उपदान वा सेवा सुबिधा वापतको रकम प्रदान गर्नु कोषको प्रमुख उद्देश्य हुनेछ ।

**७ कोषको प्रयोगः** देहायको अबस्थामा कर्मचारी कल्याण कोषको रकम खर्च गर्न सकिनेछ ।

(क) सभापोखरी गाउँपालिकाको स्थानीय तह स्थानीय सेवाको पदमा स्थायी अस्थायी वा करार सेवाको पदमा ५ बर्षभन्दा बढी अबधि कार्यरत रही सरकारी सेवाको लागि अयोग्य ठहर भई बर्खास्त भएको खण्डमा बाहेक जुनसुकै तवरले सेवा वा नोकरीबाट अलग भएको खण्डमा निजले पाउने उपदान वा अन्य सेवा सुबिधा वापतको रकम भुक्तानी दिंदा यस कोषको रकम प्रयोग गर्न सकिनेछ ।

(ख) सेवामा बहाल रहेको अबस्थामा कर्तब्य पालनाको सिलसिलामा गम्भीर घाईते भएमा वा निको हुन नसक्ने रोग लागि समितिको निर्णय अनुसार आर्थिक सहायत भुक्तानी गर्दाको बखत ।

**८ कोषको रकम खर्च गर्न नपाईने अबस्थाः** यस कार्यबिधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको कार्य वा प्रयोजनको लागि कर्मचारी कल्याण कोषको रकम खर्च गर्न पाईनेछैन ।

क. गाउँपालिकाको नियमित प्रशासनिक कार्यमा खर्च गर्न गराउन ।

ख. कुनै सरकारी कर्मचारी वा पदाधिकारीहरुको नियमित तलब भत्ता वा अन्य सुबिधा उपलब्ध गराउन ।

ग. कुनै सरकारी वा गैह्र सरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा त्यस्तै अन्य कुनै सेवा सुबिधा उपलब्ध गराउन ।

घ. कुनै प्रकारको चन्दा पुरस्कार उपहार वा आर्थिक सहायत उपलब्ध गराउन ।

ङ. गोष्ठी अन्तरकृया वा सभा सम्मेलन संचालनमा खर्च गर्न ।

च. कुनै पनि आयोजना वा पूर्वाधार निर्माणका कार्यमा खर्च गर्न गराउन ।

## परिच्छेद ३

## संचालक समितिको गठन र बैठक प्रकृया

**९ सञ्चालक समितिः** सभापोखरी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन तथा व्यबस्थापनको लागि देहाय अनुसारका पदाधिकारीहरु रहेको ७ सात सदस्यीय संचालन तथा ब्यबस्थापन समिति रहनेछ ।

क. गाउँपालिकाको अध्यक्ष......... अध्यक्ष

ख. कार्यपालिकाले तोकेको कार्यपालिकाको एक महिला सदस्य सहित २ जना सदस्य......सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत ......सदस्य

घ. गाउँपालिकाको प्रशासन शाखा प्रमुख..... सदस्य

ङ. कानून अधिकृत वा योजना तथा अनुगमन शाखा प्रमुख....... सदस्य

च. आर्थिक प्रशासन शाखा प्रमुख ........सदस्य सचिव

**१० संचालक समितिको बैठकः** (१) कर्मचारी कल्याण कोष संचालक समितिको निर्णय सामान्यतया सर्बसम्मतिबाट गरिनेछ ।

सर्वसम्मत हुन नसकेमा अध्यक्ष सहितको बहुमतको निर्णयलाई संचालक मितिको निर्णय मानिनेछ ।

(२) संचालक समितिको बैठकको काम कारबाही तथा निर्णय अध्यक्ष बाहेक अन्य कुनै पद रिक्त भएको कारणले अमान्य हुनेछैन । तर अध्यक्षको पद रिक्त भएमा कार्यबाहक अध्यक्ष नै कोष संचालक समितिको अध्यक्ष हुनेछ ।

(३) कुनै रकम वा सेवा सुबिधा भुक्तानी गर्ने प्रयोजनको बैठकमा गाउँपालिका अध्यक्ष प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन प्रमुखको अनिवार्य उपस्थिति हुनुपर्नेछ ।

(४) बैठकको गणपुरक संख्या कुल संख्याको ५० प्रतिशत हुनेछ ।

(५) बैठकको निर्णय सर्वसम्मत वा सो नभए बहुमतको निर्णय मान्य हुनेछ ।

**११ कर्मचारी कल्याण कोष संचालक समितिको काम कर्तब्य र अधिकारः**

(१) बैठकबाट पारीत निर्णयलाई कार्यान्वयन गर्ने गराउने ।

(२)गाउँपालिका गाउँसभाका पदाधिकारीसंग समन्वय गरी कोषको लागि आर्थिक श्रोत जुटाउने।

(३) कोष हरहिसाब चुस्त दुरुस्त राख्ने राख्न लगाउने ।

(४) कर्मचारी कल्याण कोष संचालनको लागि नीतिगत ब्यबस्था मिलाउने ।

(५) कर्मचारी कल्याण कोषको संरक्षकको हैषियतले कार्य गर्ने गराउने ।

(६) हरेक आर्थिक बर्षको हर हिसाबको लेखापरीक्षण गर्ने गराउने ।

**१२ समितिका सदस्य तथा कर्मचारीको उत्तरदायित्वः** (१) कोष संचालन समितिका पदाधिकारी

तथा कर्मचारीहरुले यस ऐनको उद्देश्य बिपरित कोषको रकम बितरण वा दूरुपयोग गर्न पाउने छैनन् ।

(२) उपदफा (१) को प्रतिकुल हुने गरी वा कर्मचारी कल्याणकारी कार्यमा बाहेक रकम खर्च गरेको प्रमाणित भएमा निजले पाउने सेवा सुबिधाबाट सो नभएमा निजको नाममा रहेको चल अचल सम्पतिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१३ औषधी उपचार सम्बन्धी व्यबस्थाः** (१) सभापोखरी गाउँपालिकाको कार्यालय वा मातहतका निकायमा कार्यरत कर्मचारी बिरामी भई स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकी ज्यान जोखिममा पर्नजाने भनी स्थानीय चिकित्सकबाट सिफारिश भएमा त्यस्तो अबस्थामा अस्पतालसम्म लाँदा लागेको पुरै खर्च  र बेड भर्ना भई उपचार गराएकोमा बढीमा एक लाख सम्मको उपचार खर्च समितिको निर्णय अनुसार भुक्तानी दिन सकिनेछ । स्थायी कर्मचारीको हकमा सेवा समुहसंग सम्बन्धित संघीय वा प्रदेश ऐन नियममा उल्लेख भए अनुसार हुनेछ ।

२ उपदफा (१) मा उल्लेखित औषधी उपचार खर्च रकम औचित्य पुष्टी नहुने गरी फर्जी बील भरपाई तयारी गरि भुक्तानी लिए दिएमा समितिका पदाधिकारीहरुबाट सरकारी बाँकी सरह दामासाहीले अशुल उपर गरिनेछ ।

३ उपदफा (१) मा उल्लेख भएको औषधी उपचार खर्च रकम अस्थायी करार कर्मचारीहरुले सेवा निबृत हुँदा भुक्तानी पाउने

छैनन् । तर स्थायी कर्मचारीको हकमा प्रचलित ऐनमा उल्लेख भए अनुसार हुनेछ ।

**१४ अस्थायी वा करार सेवाका कर्मचारीको उपदानः** यस ऐन बमोजिम सभापोखरी गाउँपालिकामा स्थानीय सेवा तर्फ कार्यरत स्थायी कर्मचारीहरुले संघीय ऐन, प्रदेश ऐन वा प्रचलित कानुनले तोकिदिए बमोजिम सेवा सुबिधा पाउने छन । अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुले अबकास प्राप्त गर्दा वा राजिनामा स्वीकृत गराएर सेवाबाट अलग हुँदा निम्नानुसारको उपदान रकम यसै कोषबाट उपलब्ध गराईनेछ ।

(१)- पाँचबर्ष देखि दशबर्ष सम्म सेवा गरेको अस्थायी तथा करार सेवाको कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको तलब स्केलको पच्चिस प्रतिशत (२५ प्रतिशत) का दरले हुन आउने रकम ।

(२) दशबर्ष देखि पन्ध्र बर्षसम्म सेवा गरेको अस्थायी तथा करार सेवाको कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको तलब स्केलको चालिस प्रतिशत (४० प्रतिशत) का दरले हुन आउने रकम ।

(३) पन्ध्र बर्ष देखि माथि बीस बर्षसम्म सेवा गरेको अस्थायी तथा करार सेवाको कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको निमित्त खाईपाई आएको तलब स्केलको पचपन्न प्रतिशत (५५ प्रतिशत) का दरले हुन आउने रकम ।

(४) बीसबर्ष देखि माथि जतिसुकै बर्षसम्म सेवा गरेको अस्थायी तथा करार सेवाको कर्मचारीले आफूले काम गरेको प्रत्येक बर्षको

निमित्त खाईपाई आएको तलब स्केलको सत्तरी प्रतिशत (७० प्रतिशत) का दरले हुन आउने रकम ।

**१५ बिदा सम्बनधी व्यबस्थाः** अस्थायी र करार सेवामा कार्यरत कर्मचारीहरुको कुनैपनि बिदा संचित हुनेछैन।

अस्थायी र करार सेवामा कार्यरत स्थानीय तहका कर्मचारिहरुले विदाकव कुनै रकम भुक्तानी पाउने छैनन्।

**१६ नियमावली वा कार्यबिधि बनाउन सक्नेः** सभापोखरी गाउँकार्यपालिकाले यस ऐनको कार्यान्वयन गर्न नियमावली वा कार्यबिधि बनाउन सक्नेछ ।

**१७ संशोधन वा खारेजी सम्बन्धी व्यबस्थाः** सभापोखरी गाउँपालिकाको आर्थिक अबस्थालाई मध्यनजर राखी गाउँसभाले यस ऐनको मर्म र भावनाको प्रतिकुल नहुने गरी कुनै दफा संशोधन वा खारेजी गर्न सक्नेछ ।

अनूसुची १

(कर्मचारी कल्याण कोष ऐन २०८३ को दफा १३ को उपदफा (१) संग सम्बन्धित)

कर्मचारीको नामथरः

पदः सेवाः समूहः

सुरु नियुक्ति मितिः

कार्यरत कार्यालयः
सुरु नियुक्ति मितिः
सेवाको प्रकृतिः स्थायी/अस्थायी/करार
उपचार गराईएको अस्पतालः
अस्पताल भर्ना भएको मितिः
अस्पताल डिस्चार्ज भएको मितिः
रोग वा समस्याः
अप्रेशन गरेको भए के को र अप्रेशन बिधीः
उपचारमा संलग्न चिकित्सकको नामः
मेडिकल काउन्सील नं
स्वीकृत भएको उपचार खर्च रकमः
कल्याण कोष संचालक समितिको निर्णय मितिः

**संलग्न कागजात आधार प्रमाणहरुः**

१ निवेदकको माग निवेदन
२- नागरिक्ता प्रमाण पत्रको फोटोकपी
३ सुरु नियुक्तिको फोटोकपी
४ अस्पताल भर्ना भएर उपचार गराएको प्रमाण
५ स्थानीय चिकित्सकबाट स्थानीयस्तरमा उपचार हुन नसकेको बिबरण खुलेको सिफारिश
६ खर्च पुष्ट्याई गर्ने बिल भरपाई प्रमाणहरु
७ शाखा प्रमुखको सिफारिश

पेश भएका संलग्न कागजात प्रमाण समेतका आधारमा सभापोखरी गाउँपालिकाको ........................ शाखा ......... नं वडामा ................................. पदमा कार्यरत श्री ..............................................................असक्त बिरामी भई ................................................................................अस्पतालको

सिफारिश अनुसार ......................................... अस्पतालमा मिति २०  ।   ।   । देखि मिति २०   ।   ।   । सम्म बेड भर्ना भई उपचार गराएको र कर्मचारी कल्याणकोष संचालन समितिको मिति २०  ।   ।   । को निर्णय अनुसार रु ........................ अक्षरेपी ............. .....................................................मात्र औषधी उपचार खर्च भुक्तानी गर्ने निर्णय भएकोले उक्त रकम भुक्तानीको लागि पेश गरिन्छ ।

| ........................ | ............................ | ........................ |
|---|---|---|
| पेश गर्ने | रुजु तथा सिफारिश | सदर गर्ने |
| प्रशासन प्रमुख | लेखा प्रमुख | कार्यालय प्रमुख |

अनूसुची २

(कर्मचारी कल्याण कोष ऐन २०८३ को दफा १४ संग सम्बन्धित)

**अबकास हुने अस्थायी/करार कर्मचारीको नामथरः**

**पदः** **सेवाः**

**समूहः**

**अबकास हुँदा कार्यरत कार्यालयः**

**सुरु नियुक्ति मितिः**

**सेवाको प्रकृतिः** अस्थायी/करार

**अबकास भएको मितिः**

**अबकास हुनुको कारणः**

**जम्मा सेवा अबधिः** बर्षः महिनाः दिनः

**खाईपाई आएको अन्तिम तलब भत्ता रकमः**

**अबकास पश्चात सेवा सुबिधा भुक्तानी गर्ने आधारः**

**सेवा सुबिधा वापत भुक्तानी हुने रकमः**

**रकम भुक्तानी गरिने बजेट रकमः**

**कल्याण कोष संचालक समितिको निर्णय मितिः**

**संलग्न कागजात आधार प्रमाणहरुः**

१  निवेदकको माग निवेदन

२- नागरिक्ता प्रमाण पत्रको फोटोकपी

३ सुरु नियुक्तिको फोटोकपी

४ कार्यालयबाट प्रमाणीत सेवा निरन्तरता पत्र

५ कोष संचालन समितिको निर्णय

७ अबकास भएको पत्रः

पेश भएका संलग्न कागजात प्रमाण समेतका आधारमा सभापोखरी गाउँपालिकाको ........................ शाखा ......... नं वडामा .................................. पदमा कार्यरत श्री............................................................मिति.............................................. मा ............................................... पदमा अस्थायी करार सेवामा नियुक्ति भई मिति २०  ।  ।  । देखि मिति २०  ।  ।  । सम्म निरन्तर सेवा गर्नु भएको कर्मचारी कल्याणकोष संचालन समितिको मिति २०  ।  ।  । को निर्णयले कर्मचारी कल्याण कोष ऐन २०८३ को दफा १४ बमोजिम अनुसार रु ....................... अक्षरेपी ............ ..................................................मात्र उपदान खर्च भुक्तानी गर्ने निर्णय भएको हुँदा उक्त रकम भुक्तानीको लागि पेश गरिन्छ ।

| ..................... | ............................. | ............................... |
|---|---|---|
| पेश गर्ने | रुजु तथा सिफारिश | सदर गर्ने |
| प्रशासन प्रमुख | लेखा प्रमुख | कार्यालय प्रमुख |

प्रमाणिकरण:-

यस सभापोखरी गाउँपालिकाको "**कर्मचारी कल्याण कोष सञ्चालन ऐन २०८३**" लाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (३) बमोजिम प्रमाणित गरेको छु।

प्रमाणिकरण मिति :- २०८३।०३।३२

भीम बहादुर लिम्बु हस्ताक्षर :- ..........................

गाउँपालिका अध्यक्ष

सभापोखरी गाउँपालिकाको कार्यालय बाह्रविसे, संखुवासभा कोशी प्रदेश नेपाल ।